सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



कमला नदिमा लाखौं भक्तजनले गरे कार्तिक स्नान ।पेज ३ मा

♦ वर्ष ७ ♦ अंक ७३ ♦ २०८० साल मंसीर १२ गते मंगलवार ♦ 28 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## सङ्घीय व्यवस्थामाथि केहि सांसदहरु कारण खतरा : प्रदेश सभा सदस्यहरु

**खबर दर्पण समाचारदाता**

**मंसीर ११ गते, महेन्द्रनगर**



सङ्घीय व्यवस्थामाथि केहि सांसदहरु कारण खतरा देखा परेको मधेस प्रदेश सभा सदस्यहरूले बताएका छन् ।

प्रदेश सांसदहरूले आफूहरुले बितेको एक वर्षको कार्यकालमा जनअपेक्षा अनुरूप कुनै कार्य गर्न नसकेको हुँदा जनतामा व्याप्त निराशा छाएको बताएका छन् ।

सांसदहरुले भने, "हामीले जनताको लागि कुन कुन कार्य गऱ्यौं, त्यसको आफै मूल्याङ्कन गर्नस् ,जनताको इच्छाअनुसार काम भएको छैन । व्याप्त निराश छ ।"

मधेश प्रदेश सभाको सोमबार दोस्रो अधिवेशनको तेस्रो बैठकमा बोल्ने अधिकांश सभा सदस्यहरूले यस्तै धारण व्यक्त गरे । उनिहरुले आफ्नो कमीकमजोरी सच्याइ आत्ममूल्याङ्कन गरेर अघि बढ्नु पर्ने सुझाएका छन् ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्रीले बुलेट ट्रेनको गति जस्तै कार्य गर्ने भन्नु भएको प्रसङ्ग उल्लेख गर्दै सभा सदस्यहरूले भने, नेपाली ट्रेनको गतिमा पनि कुदन सकेको छैन ।

बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका नेता सरोजकुमार यादवले अहिले सङ्घीय लोकतान्त्रिक व्यवस्थाप्रति जुन प्रकारको आक्रमण भइरहेको त्यसप्रति सरकारको ध्यानाकर्षण हुनु आवश्यक रहेको बताए ।

बैठकमा प्रदेश सभा सदस्य जिवछी यादवले गणतन्त्र सङ्घीयता गरिब धनी, विपन्न सम्पन्न, पिछडिएका वर्गको लागि वरदान साबित भएको बताए । मधेशी, मुस्लिम, महिला, पिछडिएका वर्गको लागि लोकतन्त्र, सङ्घीयताबाट लाभान्वित भएको उलने दाबी गरिन् । धेरैको बलिदानबाट सङ्घीयता आएको भन्दै उनले केही तत्वहरू राजतन्त्रको पुच्छर समाएर लोकतन्त्रमाथि आक्रमण गर्न खोजेको बताए ।

बैठकमा प्रदेश सांसद सतिशकुमार सिंहले अहिलेको सभाको एक वर्ष सात दिन बितेको तर, प्रगति खासै नरहेको बताए । विगतमा धेरै छानबिन समितिहरू गठन भयो तर कुनैपनि समितिले सदनमा प्रतिवेदन पेस नगरेको उनले दाबी गरे ।

## मधेस प्रदेशको दोस्रो अधिवेशनको तेस्रो बैठकबाट ४ महत्वपूर्ण निर्णय



**खबर दर्पण समाचारदाता**

**मंसीर ११ गते, महेन्द्रनगर**

मधेश प्रदेशको प्रदेश सभाको बैठक लामो समयपछि आज सोमवार देखि शुरु भएको छ । मधेश प्रदेश सभाको सोमबार दोस्रो अधिवेशनको तेस्रो बैठकले केहि महत्वपूर्ण निर्णय गरेको छ।

गत असोज महिनाको २९ गते बैठक शुरु हुने त्तिक्कै नेकपा एमालेका उपनेता दिपेन्द्र ठाकुर ले सुशासन सहितको माग गर्दै बैठक अवरुद्ध गरेपछि प्रदेश सभाले अर्को सूचना नहुन्जेलसम्मका लागि बैठक स्थगित गरेका थिए । प्रदेश सभाले करिब डेढ महिना भन्दा बढी समयपछि आज बसेको तेस्रो बैठकबाट ४ महत्वपूर्ण निर्णय गरिएको प्रदेश सभाको सचिवालयले जनाएको छ।

आजको बैठकले प्रदेश सभाको बैठकले प्रदेश सांसद अनिरुद्धप्रसाद सिंहको निलम्बन फुकुवा गरेको छ । गत भदौ १८ गते पक्राउ गरी पुर्पक्षको लागि थुनामा रहेको बेला उहाँलाई निलम्बन गरिएको थियो ।

गत कात्तिक २३ गते तारिकमा

बाँकी पृष्ठ २ मा

## मधेश कुन प्राथमिकतामा राख्न जरुरी छ, बुझ्न मधेश झरेको हुँ : रवि लामिछाने

**खबर दर्पण समाचारदाता**

**मंसीर ११ गते, महेन्द्रनगर**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मधेशभित्रको मधेश बुझ्न मधेश झरेको बताएका छन्।

महोत्तरी सदरमुकाम जलेश्वर स्थित अग्रवाल पार्टी प्यालेसमा केन्द्रीय कार्यसमिति तथा संसदीय दलको बैठकमा उनले यस्तो बताएका हुन्। प्रायः पार्टीले संसदीय दल र मुख्य बैठकहरू केन्द्रीय राजधानीमा राख्ने गरेकोमा रास्वपाले किन मधेश छान्यो भन्ने सञ्चारकर्मीको प्रश्नमा उनले सो जवाफ दिएका हुन्।

सभापति लामिछानेले मधेश बुझ्ने पहिलो चरणमा जलेश्वर चयन गरिएको बताए। उनले मधेशलाई सिंगो देशले कुन प्राथमिकतामा राख्न जरुरी छ भनेर बुझ्नसमेत केन्द्रीयस्तरको बैठक मधेशमै राख्न जरुरी देखिएको बताए।


उनले यस बैठकमा विभिन्न विभागीय प्रतिवेदनहरूसहित प्रदेश संरचनामा भएका काम र आफ्नै कामहरूको प्रतिवेदन प्रस्तुत गरी छलफल गर्नुका साथै पदाधिकारीहरूको सन्दर्भमा केही महत्वपूर्ण निर्णयहरू गरिने बताए। आगामी तीन दिनको बैठकले रास्वपाको आगामी बाटोसमेत निर्धारण गर्ने गरी अति नै महत्वपूर्ण निर्णय हुने उनको भनाइ छ।

पार्टीको बैठकमा भाग लिन केन्द्रीय कार्यसमितिसहित संसदीय दलका सम्पूर्ण नेताहरू उपस्थित भएका छन्।




ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# मधेस प्रदेशको दोस्रो अधिवेशनको....

थुनाबाट छुटेको भन्दै सांसद सिंहले निलम्बन फुकुवाको लागि सभाको सचिवालयमा सोमबार निवेदन दिनु भएको थियो। तारिखमा छुटेको मितिदेखि नै निलम्बन फुकुवा गरिएको प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले जानकारी दिए।

त्यसैगरी बैठकले प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ बमोजिम गठन भएको विषयगत समितिहरूमा रहनु भएका सदस्यहरूको समिति हेरफेर गर्ने निर्णय गरेको छ।

समिति हेरफेर गर्ने निर्णय अनुसार योजना तथा अर्थ समितिका सदस्य सञ्जयकुमार महतोलाई कृषि तथा भूमि व्यवस्थापन समितिमा, विकास समितिबाट सरोजकुमार यादवलाई प्रदेश मामिला समितिमा, सांसद सञ्जयकुमार यादवलाई कृषि तथा भूमि व्यवस्थापन समितिमा, सांसद वसन्तकुमार कुशवाहकलाई सार्वजनिक लेखा समितिमा, बेची लुङ्गेलीलाई प्रदेश मामिला समितिबाट विकास समितिमा र सांसद रत्नेश्वर गोइत यादवलाई विकास समितिबाट प्रदेश मामिला समितिमा जिम्मेवारी हेरफेर गरिएको सभामुख मण्डलले जानकारी दिए।

त्यस्तै गत असारमा २६ गते गठन गरेको विशेष संसदीय छानबिन समितिको म्याद पनि थप गरिएको छ। सभाको बैठकले यही मङ्सिर महिनाको मसान्तसम्म म्याद थपको प्रस्ताव सर्वसम्मत पारित गरेको छ। सभामा समितिका सभापति उपेन्द्र महतोले म्याद थपसम्बन्धी प्रस्ताव पेस गरेका थिए।

प्रदेश सरकारको आर्थिक वर्ष ०७९-०८० को कार्यक्रमको छानबिन गरी प्रतिवेदन पेस गर्न १० सदस्यीय सो समिति गठन गरिएको थियो। त्यसबेला समितिको साउन १ गतेदेखि भदौ मसान्तसम्म सयम सीमा तोकिएको थियो। यस अवधिमा समितिले समितिको सभापति चयन र कार्यविधि पारित गरेको सभापति महतोले सभामा जानकारी गराए।

बैठकले प्रदेश मामिला समिति र कृषि तथा भूमि व्यवस्थापन समितिको सभापति पदको निर्वाचन २०८० मङ्सिर १४ गते दिनको ११ बजे गर्ने मिति तोकेको छ। सोको कार्यतालिका मिलाई सूची प्रकाशन गर्न सचिवालयलाई सभामुखले निर्देशन समेत दिएका छन्।

सभाको अर्को बैठक मङ्गलबार ११ बजे बस्नेगरी स्थगित भएको छ। अहिले मधेश प्रदेश सभाको दोस्रो अधिवेशन चलिरहेको छ। दोस्रो अधिवेशनमा यस अघि दुई वटा बैठक मात्र भएको र तेस्रो बैठकको रुपमा आज बसेको हो।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# संघियता खारेजीको माग गर्दै जनकपुरधाममा प्रदर्शन



**खबर दर्पण समाचारदाता**
**मंसीर ११ गते, महेन्द्रनगर**

राष्ट्रिय शक्ति नेपालले संघियता खारेजीको माग गर्दै जनकपुर धाममा प्रदर्शन गरेको छ। जनकपुरधाममा संघियता खारेजीका साथै राजसंस्था सहितको हिन्दु राष्ट्रको माग गर्दै राष्ट्रिय शक्ति नेपालले प्रदर्शन गरेको हो।

जनकपुरधामको रंगभूमि मैदान १२ बिघाबाट संवैधानिक राजसंस्था वहाली गरौं, वैदिक सनातन हिन्दु राज्य कायम गरौं, संघियता खारेज गरौं लगायतको नारा लगाउँदै रैली सहित नगरको विभिन्न भागमा परिक्रमा गरेको हो।

जनकपुरधामको जनक चोकमा कोणसभामा परिणत भएको रैलीलाई सम्बोधन गर्दै राष्ट्रिय शक्ति नेपालका अध्यक्ष केसर बहादुर विष्टले नेपालमा संघियताको कुनै काम नरहेकाले संघियता खारेजी गर्न माग गरे। उनले नेपाललाई एकत्रित बनाउनका लागि संघिय साशण प्रणाली हटाउनु आवश्यक रहेको बताए।

विष्टले वर्तमान संविधान नेपालीहरुको हितको रक्षा नगर्ने भएकाले यो संविधान खारेजी गर्ने तर्फ अग्रसर हुनु आवश्यक रहेको। उनले यो संविधान च्यात्ने अभियान समेत त्याइने जानकारी दिए।

कोणसभामा पूर्व सांसद गंगा चौधरीले नेपालको पहिचानमाथी धावा बोल्नकै लागि हिन्दु धर्म संस्कृतिमाथी दिनप्रति दिन हमला भईरहेको आरोप लगाइन। उनले कुनै दलमा आवद्ध रहेपनि देशको रक्षाका लागि एकवद्ध हुन सबैसंग अपिल गरिन्। राष्ट्रहितलाई ध्यानमा राखेर नेपालमा संवैधानिक राजसंस्था सहित हिन्दु राष्ट्र कायम गर्नुपर्नेमा उनले जोड दिइन्।

रैलीमा नेपालका लागि नेपाली पार्टिका केन्द्रिय अध्यक्ष संतोष महाराज, राष्ट्रिय प्रजातन्त्र पार्टीको रोयल टाइगर फोर्सका सोमनाथ यादव, राष्ट्रवादी नागरिक समाज प्रधान कार्यालयका प्रकाशजंग राणा लगायतको सहभागिता रहेको थियो।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ।

**वृष**-सरकारी काममा सफलता हुनेछन्। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछन्। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**मिथुन**- काममा अपजस हात लाग्नेछ। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। काममा असफलता मिल्ने छ।

**कर्कट** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ।

**सिंह** -मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**कन्या** - मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ।

**तुला** -मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछन्। आयआम्दानीको स्रो बढ्नेछन्। सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ।

**वृश्चिक** -काममा बाधा, खर्च वृद्धि हुनेछन्। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछन्।

**धनु** - परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछ। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ।

**मकर** - सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ। अपुरा कार्य पूर्ण हुनेछन्।

**कुम्भ** -स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ। रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछन्।

**मीन** -आय आर्जनमा गति रोध आउनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ। अनावश्यक खर्च बढ्नेछ।उपहारआदी प्राप्त हुनेछ। यात्राको योग रहेको छ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कमला नदिमा लाखौं भक्तजनले गरे कार्तिक स्नान

**खबर दर्पण समाचारदाता**
**मंसीर ११ गते, महेन्द्रनगर**

धनुषा तथा सिरहा जिल्लालाई छुट्याउने नेपालका अत्यन्तै धार्मिक महत्वको नदी मध्ये एक कमला नदिमा कार्तिक पूर्णिमाका दिन लाखौं भक्तजनहरूले कार्तिक स्नान गरेका छन्।

प्रत्येक वर्ष कार्तिक शुक्लपक्ष पूर्णिमा दिन कमला नदिमा स्नान गर्नेहरुको अत्यधिक भिड रहने गरेका छन् ।

कार्तिक महिनाको पूर्णिमा तिथि जप, तप तथा स्नान, दानका लागि उपयुक्त हुने भएकाले स्नानका लागि नेपाल भारतका विभिन्न ठाउँबाट ठूलो संख्यामा भक्तजनहरू आइतबार बिहान देखि नै कमला नदिमा भेला भएका थिए ।

कमला नदीमा स्नान गरेपछि तान्त्रिक विद्यासिद्ध हुने जनविश्वासका साथ आज गाउँगाउँबाट भूतमेला भर्न कमला नदीमा श्रद्धालुको घुइँचो लागेको छ।

कमला नदीको किनारमा प्रत्येक वर्ष कात्तिक पूर्णिमामा अनौठो तथा भूतमेला लाग्ने गर्छ। धनुषा सहित सिरहा, सप्तरी, महोत्तरी, उदयपुर र सीमावर्ती भारतको मधुवनी, दरभङ्गा, समस्तीपुर, जयनगर लगायतका स्थानबाट ठूलो संख्यामा सर्वसाधारण कमला नदीमा स्नान गर्न आउने गर्दछन्।

पण्डित मोती गिरिका अनुसार हिन्दू शास्त्रमा पवित्र अनुष्ठान मानिने १२ पूर्णिमा(मलमासको समयमा कहिले १३ पनि हुने ) मध्ये कार्तिक पूर्णिमाको दिनलाई भगवान शिव(पूत्र कार्तिकेय(कुमार)को जन्मदिन र त्रिपुराशुर दैत्यको नाश भएको शुभदिनका 'रूपमा सम्भना गरिन्छ । यस पवित्र दिनमा चोखोनितो भई कुमार, लक्ष्मी आदिको आराधना गर्दा शक्ति, समृद्धि लगायतका मनोइच्छा पूरा हुने विश्वास छ।

गिरि भन्नुहुन्छ, 'यस शुभ दिनमा गंगा, कोशी, गण्डकी, कमला लगायतका पवित्र नदीहरूमा स्नान गरी मोक्ष प्राप्त गर्ने अभिलाषाका साथ श्रद्धालु भक्तहरूको ठूलो भिड लाग्ने गर्दछ। ती पवित्र नदीहरूमध्ये सिरहाको कमला(उत्तरवाहिणी स्नान र कार्तिक कुमारको पूजन कार्य उल्लेखनीय छ।'

सिरहाको कर्जन्हा नगरपालिका बन्दिपुरका स्थायी बासिन्दा समेत रहेका पण्डित गिरिले कमला उत्तरवाहिणी धाम निकै प्रशिद्ध र हेको बताउनुभयो । उहाँले पूर्णिमा(स्नानका लागि सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सिन्धुली, उदयपुर र भारत विहारबाट हजारौंको संख्यामा दर्शनार्थीहरू कमलाको उत्तरवाहिणी स्थानमा स्नान तथा मेला भर्न आउने गरेको बताउनुभयो।

गिरिले भन्नुभयो, 'पूर्णिमा स्नान पश्चात सक्नेले सोही नगीचको नन्दबाबाको कुटी रहेको सानो डाँडोमा गई नन्दबाबाको पनि दर्शन गर्ने गर्दछन् । नन्दबाबालाई ग्रामदेवताका रूपमा सो भेगका स्थानीयले पूज्ने गर्दछन्। स्थानीय किम्वदन्ति अनुसार उनी भगवान शिव तथा दुर्गाका उपासक थिए र निकै शक्तिशाली थिए। उनैले कमला नदीलाई आफूबसेको स्थानबाट बग्न नदिई विपरित दिशा अर्थात् उत्तरतर्फ बग्न जिरह गरेकोले कमला नदी सो स्थानमा दक्षिणबाट उत्तर बगेको जनविश्वाश छ।'

आइतवार साँझ देखि नै 'पापकी छय, धर्मकी जय, हई भगतकाली राघो बन्नी' यस्तै यस्तै आ(आफना इष्ट देवताकोको नाम फलाक्दै धामीझाँक्री मिर्दङ (मादल), झ्याली, ढोल पिपही जस्ता बाजाको तालमा कमला नदीमा सपथ ग्रहण गर्न पुगेका थिए ।

कमला नदीमा स्नान गरिए कमलेश्वरी देवीले तान्त्रिक विद्याको वर दिने तथा योग पाको हुने जनविश्वासका कारण वर्षेनी कमलामा स्नान गर्नेको संख्या बढ्दै गएको गणेशमानम चारनाथ नगरपालिकाको गोदार बस्ने भरत प्रसाद साह बताउनुहुन्छ। भूतमेलामा स्नान गरेपछि घर आउने बेलामा भक्तजनले कमला नदी र गंगासागरको शुद्ध पानी आ(आङ्ग+ नो घर लैजाने गर्छन्। मूलधामीले मन्त्र सिद्धी गरिदिएपछि धामी बन्ने प्रक्रिया पूरा हुन्छ। तन्त्रशास्त्रका अनुसार तन्त्रसिद्धीका लागि यस दिन पूर्णाहुती दिने चलन छ।



मिथिलाञ्चलमा सदियौँदेखि तन्त्र विधामा सर्वसाधारणको विश्वास रहेको छ। पहेलो धोती र सारीमा सजिएका नयाँ सिकारु धामीझाँक्रीहरु हातमा बलेको आगो सहितको माटोको ढकना ( भाँडा) र बेतको लाठी घुमाउँदै चर्को स्वरमा चिच्याइरहन्छन्। उनीहरु आफूमा आएको देउतालाई सिद्ध गर्न गंगास्नान गर्न आएका बताउँछन्।

धामीझाँक्री मादल, करताल, झाइल र ढोल पिपहीको सुर र तालबीच यिनीहरुको कर्कश स्वरले भय उत्पन्न हुने खालको वातावरण हेर्न सकिन्छ। स्नानको समयमा मूलधामीले लोक भाकामा गीत समेत गाउने गर्छन्। जसलाई स्थानीय भाषामा 'महराइ' भन्ने गरिएको छ।

आफ्नो गाउँमा धामीलाई डोऱ्याएर कमला र गंगासागर स्नान गर्न ल्याएका धनुषाका मिथिला नगरपालिकाका धामी ७३ वर्षीय रामपृत कापर शरीरमा देउता चढ्नेलाई यहाँ ल्याउने गरिएको बताउहुन्छ।

तराई मधेसमा मन्त्र सिकाउने धामीलाई 'भगता' भन्ने गरिन्छ। पवित्र नदीमा प्रथम स्नान गर्ने धामीझाँक्रीसँग आशिष थाप्ने श्रद्धालुको संख्या पनि उल्लेखनीय रहने गरेका छन्।

भूतमेला भर्न ट्याक्टर सहितका सवारी साधन र पैदल समेत विभिन्न गाउँवाट कमला नदि पुग्ने चलन रहँदै आएको छ ।

धनुषा(सिरहाबाट सिन्धुली हुँदै रामेछाप तथा दोलखा, उदयपुर, ओखलढुंगा लगायतका जिल्ला प्रवेशको प्राचीन मार्गमा पर्ने कमला उत्तरवाहिनी स्थानमा स्थानीय जात्राको रूपमा वर्षौंदेखि प्रचलित सो पूर्णिमा मेलाको दिन सार्वजनिक विदा दिने, दर्शनार्थीहरूलाई मनोरञ्जनका लागि नाच कार्यक्रम, खेलकुद कार्यक्रम आयोजना गर्ने चलन पनि रहेको छ।

धनुषाको तीनवटा स्थानीय तहले कमला स्नान तथा भूतमेलाका लागि नगरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

कमला नगरपालिका र गणेशमान चारनाथ नगरपालिकाले कमला स्थान तथा भूत मेलाका लागि सोमबार र जनकनन्दिनी गाउँपालिकाले आइतबार र सोमबार गरी दुई दिन नगरमा सार्वजनिक बिदा दिएको छ ।

कमलाकी उपमेयर तुलसा कुमारी पाण्डेले आइतबार एक सूचना जारी गर्दै कार्तिक पुर्णिमाको दिन वर्षौंदेखि कमला स्थान तथा भूत मेला लागिरहेकाले उक्त मेलाका लागि नगरमा सार्वजनिक बिदा दिएको जानकारी दिनुभयो ।

यस्तै, कमला नगरपालिकाले समेत आइतबार नै सूचना जारी गर्दै नगरपालिका मातहतका सबै कार्यालयहरुमा सार्वजनिक बिदा दिएको जनाएको छ ।

यता, जनकनन्दिनी गाउँपालिकाले शुक्रबार नै सूचना जारी गर्दै आइतबार र सोमबार नगरभित्र सार्वजनिक बिदा दिएको गाउँपालिका अध्यक्ष दिपिन देव यादवले जानकारी दिनुभयो।

महेन्द्रनगरका पुरोहित रामसरण झाको अनुसार पूर्णिमा स्नान मेलाको अर्को सांस्कृतिक आकर्षण भनेको विभिन्न धार्मिक संगति र 'भक्ता' हरुले आफ्नो ज्ञानको सिद्धिका लागि गर्ने विविध भावभंगिमा पनि हो, जो हेर्न लायक हुन्छ। उहाँले भन्नुभयो, 'परम्परागत रूपमा नाच(गान गर्दै उत्तरवाहिणीमा पुगी स्नान गर्ने र शक्ति र समृद्धिका लागि आराधना गर्ने चलन छ। यसलाई कतै कहीं भूतमेलाको पनि नाम दिइएको छ।'

सिरहाको कर्जन्हा नगरपालिकाको क्षेत्रमा पर्ने यस कमला उत्तर वाहिणी स्थान निश्चय नै उत्तरवाहिणी क्षेत्रको स्थानीय स्तरमा ठूलो धार्मिक(सांस्कृतिक महत्व रहेको कर्जन्हा नगरपालिकाका उपमेयर लक्ष्मी श्रेष्ठ यादवले बताउनुभयो।

कार्तिक स्नानलगायत, दाहसंस्कार एवम् विभिन्न मनोरञ्जन तथा पिकनिक स्थलका रूपमा समेत उत्तरवाहिणी क्षेत्रको महत्ता बढ्दै गएको उपमेयर यादवले बताउनुभयो ।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

### २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ट्टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# महोत्तरीको जलेश्वरमा रास्वपाको बैठक सुरु



**खबर दर्पण समाचारदाता**
**मंसीर ११ गते, महोत्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टीको वृहत बैठक महोत्तरीको जलेश्वरमा सुरु भएको छ। तीन दिनसम्म चल्ने सो बैठकमा पार्टीको केन्द्रीय समिति सदस्य, सांसद, संगठन, कानुन तथा न्याय, प्रशिक्षण विभागका पदाधिकारी सहभागी छन्। यस्तै बैठकमा रास्वपाको मधेस प्रदेश सभापति र महामन्त्री समेत सहभागी थिए।

उक्त बैठकलाई पार्टी स्थापना भएपछिको सबैभन्दा बृहत बैठक बताइएको छ। बैठकको प्रारम्भमा महामन्त्री मुकुल ढकालले समसामयिक राजनीतिक तथा पार्टी गतिविधिको जानकारी गराएका छन्। महामन्त्रीपछि प्रदेशका सभापतिहरुले संगठनात्मक प्रतिवेदन प्रस्तुत गरेका छन्।

सोमबार नै केन्द्रीय अनुशासन आयोगको प्रतिवेदन विभागका प्रमुख डा. भरतमणि देवकोटाले पेश गर्ने कार्यसूची रहेको छ। सोमवार नै पार्टी सभापति बाहेक २० सांसदलाई ७ मिनेटका दरले बोल्न समय दिइएको छ। त्यस्तै पार्टी उपसभापति डोलप्रसाद अर्यालले आर्थिक तथा लेखा प्रतिवेदन पेश गर्नेछन् भने आर्थिक व्यवस्थापन विभाग प्रमुख लिमा अधिकारी र लेखा आयोगका प्रमुख अभिषेक घिमिरेले उक्त प्रतिवेदनमाथि धारणा राख्नेछन्।

संगठन विभागका प्रमुख तथा सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले सोमबार सांगठनिक प्रतिवेदन पेश गर्नेछन्। नीति विचार प्रतिनिधि मण्डलको बैठक पनि आज साँझ नै बस्ने तय भएको बताइएको छ।

त्यसैगरी मंगलबार बिहान केन्द्रीय समिति र संसदीय दलको छुट्टाछुट्टै बैठक बस्नेछ। केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक भने विहान ११ बजेबाट सुरु हुनेछ। बैठकमा प्रमुख सचेतक सन्तोष परियारले संसदीय दलको गतिविधि बारे प्रतिवेदन पेश गर्ने बताइएको छ।

मंगलबार नै सभापति रवि लामिछानेले राजनीतिक प्रतिवेदन पेश गर्ने रास्वपाले जनाएको छ। महामन्त्री ढकाल र सहमहामन्त्री बुर्लाकोटीले महाधिवेशनको कार्यविधि र प्रक्रिया सहितको प्रतिवेदन मंगलबार पेश गर्नेछन्।

तेस्रो दिन बुधबार विहान ७ बजे सुरु हुने बैठक १२:३० मा सक्ने कार्यतालिका छ। महाधिवेशन कार्यविधि तथा प्रक्रियामाथि दुई घण्टाभित्र सहभागीहरुले धारणा राख्नेछन्। त्यसलगत्तै, नीति र विचारमाथि बोल्नका लागि एक घण्टाको समय छुट्याइएको छ।

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**जलेश्वर नगरपालिका कार्यालय, महोत्तरी**

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**नगराईन नगरपालिका, धनुषा**



सोमबार छैटौं सामाजिक सुरक्षा दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा देश भरिका पालिकाहरु मध्य सात वटा पालिकाहरुले सामाजिक सुरक्ष कोषमा अनौपचारिक श्रमिक सुचिकरणका लागि सेवा सम्झौता गरेको हुदाँ बर्दिवास नगरपालिकालाइ प्रशंसापत्र सहित सम्मान गरेको छ। सम्मान पत्र सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल ज्यू वाट ग्रहन गर्दै बर्दिवास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्री। तस्वीर : खबर दर्पण

# धनुषामा खेतमा सिँचाइ गर्न गएका वृद्धको करेन्ट लागेर मृत्यु

**खबर दर्पण समाचारदाता**
**मंसीर ११ गते, महेन्द्रनगर**

धनुषामा करेन्ट लागेर एक वृद्ध कृषकको मृत्यू भएको छ। मृत्यु हुनेमा धनुषाको हँसपुर नगर पालिका ८ झटियाहीका ६५ बर्षिय राजेन्द्र राउत छन्।

सोमबार विहान ११ बजेको समयमा आफ्नै खेतमा पानी सिँचाई गर्न पुगेका उनको नांगो तरमा करेन्ट लागेर मृत्यू भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

मृतकको शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको र घटना विषयमा थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

# मटिहानी नगरपालिका वडा नम्बर १ को कार्यालय उद्घाटन

**खबर दर्पण समाचारदाता**
**मंसीर ११ गते, महोत्तरी**




मटिहानी नगरपालिका वडा नम्बर १ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको छ।

यसै बीच नव-निर्मित वडा कार्यालय भवनको आज एक समारोह बीच मटिहानी नगर पालिका प्रमुख हरि प्रसाद मण्डल र वडा नम्बर १ का वड़ा अध्यक्ष शिवशंकर कुमार रायले संयुक्त रुपमा समुद्घाटन गर्नुभयो।

सो अवसरमा प्रमुख मण्डलले वडा कार्यालयको भवन निर्माण सँगै कामकाजमा सहयोग पुग्ने भन्नुभयो।

मटिहानी नगरपालिका वाड नं. १ को वडास्तरीय योजना कार्यक्रम अन्तर्गत २३ लाख १२ हजारको लागतमा तिन कोठे वडा कार्यालय भवन निर्माण भएको कुरा पालिकाको प्राविधिक बिमलेश साहले जनाएको छ। सो वड़ा कार्यालय भवन निर्माणको लागि मटिहानी नगर पालिका वड़ा नं. २ निवासी श्री रामचन्द्र ठाकुरले १३.५ कठा जग्गा निःशुल्क उपलब्ध गराउनु भयो।

कार्यक्रममा मटिहानी नगर पालिकाका उप-प्रमुख मञ्जु देवी साह, लोसपा नेपाल नगर कार्यसमिति अध्यक्ष श्याम कुमार मण्डल,वड़ा अध्यक्षहरु नाजिर मिया, मिश्री नायक, कलीम अंसारी, जीतनारायण माझी, रितेश साह, मदन चौधरी, प्रमुख प्रशासकीय अधिकृत चन्द्र शेखर शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मण्डल, योजना अधिकृत राजेश कुमार शर्मा, कार्यपालिका सदस्यहरु लगायत स्थानीयहरु उपस्थित रहेका थिए।

मटिहानी नगरपालिकाको ९ वटै वडा मध्ये ८ वटा वडा हरुको आफ्नै भवन निर्माण छ, भने बाँकी रहेको एक वटा वडा नम्बर ८ यो आर्थिक वर्षमा वडा कार्यालय भवन निर्माण हुनेछ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा